# नेपालको राजनीतिमा माओवादी सशस्त्र विद्रोहः एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय

स्नातकोत्तर

तह द्वितीय वर्ष, राजनीतिशास्त्र विषय अर्न्तगत दशौं पत्रको आंशीक

प्रयोजनार्थ राजनितिशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस,

पोखरामा प्रस्तुत गरिएको

**शोधपत्र**


**शोधकर्ता**

**बाबु राम अधिकारी**

त्रि.वि. दर्ता नं. ४४१-९२

रोल नं. १८/२०६२/०६३, सिम्वोल नं. २९२७/२०६४

राजनीतिशास्त्र विभाग, पोखरा


२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रम अनुरुप दशौं पत्रको प्रयोजनार्थ शोधकर्ता श्री बाबुराम अधिकारीले **नेपालको राजनीतिमा माओवादी सशस्त्र विद्रोहः एक अध्ययन नामक** शिर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन, निगरानी, सल्लाह, सुझाव एवं सुपरिवेक्षणमा मेहनतपूर्वक खोज तथा अनुसन्धानात्मक तवरबाट अनुसन्धानका लागि आवश्यक पर्ने सबै नियमहरु तथा औपचारिकता पुरा गरी निकै मेहनत र लगनशीलताका साथ तयार पारिएको यो शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रको उचित मूल्याङ्कन गरिदिनका लागि सिफारिससाथ अनुरोध गर्दछु ।

मितिः- २०६८ साल माघ १७ गते (३१ जनवरी २०१२)

........................

अग्नीधर पौडेल

शोध निर्देशक

सह–प्राध्यापक

राजनीतिशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस

पोखरा

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

पत्र संख्या :
चलानी नं. :

(राजनीतिशास्त्र विभाग)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनरायण क्याम्पस मानविकी तथा समाजिकशास्त्र संकाय राजनीतिशास्त्र विभाग अर्न्तगत स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ श्री बाबु राम अकिकारीद्वारा "**नेपालको राजनीतिमा माओवादी सशस्त्र विद्रोह : एक अध्ययन**" नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रलाई स्वीकृती प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| | हस्ताक्षर |
|---|---|
| १) विभागीय प्रमुख - सह-प्राध्यापक श्री अग्नीधर पौडेल | ...................... |
| २) वाह्य परीक्षक - सह-प्राध्यापक श्री तारानाथ वराल | ...................... |
| ३) आन्तरिक निर्देशक - अग्नीधर पौडेल | ...................... |
| ४) अनुसन्धान समिति संयोजक - उप प्राध्यापक डा. उमानाथ बराल | ...................... |

मितिः- २०६८ साल माघ २७ गते (१० फेब्रवरी २०१२)

# अध्ययनसार

सामाजिक, सांस्कृतिक, आर्थिक विभेद, उत्पीडन, दमन, शोषण, अन्याय, अत्याचार एवं गरिवी, वेरोजगारी र अविकासले आक्रान्त भएको नेपाली समाजको प्रगतिशिल रुपान्तरण प्रकृयाको शान्तिपूर्ण मार्ग अवरुद्ध भएको अवस्वथामा २०५२ सालसम्म आईपुग्दा देशमा र आम नेपाली जनतामा निराशा छाउन थालिसकेको थियो । यसै अवसरमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको संजमो,नेपालको नामाबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकासंग सम्बन्धित ४० शुत्रीय मागहरु राखी ति मागहरु प्रति सरकारले २०५१।११।०५ गतेसम्ममा सकारात्मक पहल नगरे सशक्त संघर्षको बाटो अवलम्बन गर्ने जानकारी गराई मागपत्र मिति २०५१।१०।२१ गते प्रस्तुत गरिएको थियो । तर मागपत्र प्रति प्रधानमन्त्रीले वास्ता नगरी भारतको भ्रमणमा गए । समयावधि समाप्त हुनु अगावै मिति २०५१।११।०१ गतेदेखि ने.क.पा.(माओवादी) को नाउँबाट जनयुद्ध सुरु भयो जुन करिब ११ वर्ष २०६३।०८।०५ गतेसम्म जारी रह्यो । उक्त समयावधिमा देशमा ठूलो मात्रमा धन जनको क्षतिमात्र भएन की विकास निर्माणका कार्य सबै ठप्प भए र भए गरिएका कार्यहरु समेत ध्वस्त पारिए र संरचनाहरु पनि नष्ट भए । यसै अवधिमा राजदरवार काण्ड भै राजा बीरेन्द्रको वंश विनास भयो र राजगद्दीमा राजा ज्ञानेन्द्र बसे । उनले विस्तारै निरंकुशताको शैली अपनाउने क्रममा संसदवादी दलहरुलाई पाखा लगाएर एकलौटी रुपमा आफ्नै अध्यक्षतामा सरकारको गठन गरी शासन संचालन गर्न थाले । उनको यस्तो रवयौबाट संसदवादी (सात) दलहरु र ने.क.पा.(माओवादी) को सन्निकटतालाई बढ्न गयो र मिति २०६२।०८।०७ गते संसदवादी (सात दल र ने.क.पा.( माओवादी) बीचमा १२ बुँदे समझदारी पत्रमा सस्ताक्षर गरी संयुक्त रुपमा निरंकुश शासनका विरुद्धमा शान्तिपूर्ण जनआन्दोलन गर्ने मार्ग प्रशस्त बन्यो । २०६२।१२।२४ गतेदेखि २०६२।१२।२७ गतेसम्म ४ दिने आम हड्तालको आयोजना गरियो थिए । फेरी उनीहरुका बीचमा पुनः दोश्रो समझदारी भै जनआन्दोलनलाई निरन्तरता दिईयो जुन १९ दिनसम्म जारी रह्यो । अन्त्यमा जनताको शान्तिपूर्ण जनआन्दोलनका अगाडी राजाले घुडा टेके र आफुले विघटन गरेको प्रतिनिधिसभालाई पुनःस्थानपना गरे । यसरी पुनःस्थापित प्रतिनिधिसभा पछि बनेको सरकार र ने.क.पा.(माओवादी) बीच मिति २०६३।०८।०५ गते विस्तृत शान्ति सम्झौता भै देशमा शान्ति बहाली भयो । विस्तृत शान्ति सम्झौतालाई

आधार मानी देशमा संविधानसभाको निर्वाचन गर्ने र त्यसको पहिलो बैठकबाट राजाको भविष्य समेत निर्धारण गर्ने समेतको व्यवस्था गरिएको थियो । सोही वमोजिम मिति २०६४।१२।२८ गते संविधानसभाको निर्वाचन सम्पन्न भै त्यसको पहिलो वैठकले नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा घोषणा गऱ्यो । यसरी माओवादी विद्रोहका सकारात्मक र नकारात्मक दुवै प्रभाव नेपाली राजनीतिमा परेको पाईन्छ । नकारात्मक पक्ष तर्फ हेर्ने हो भने करिव १५००० को ज्यान गयो भने करिव १००० लाई वेपत्ता पारिए र करिव ८०० अपाङ्ग बन्न गए । सकारात्मक पक्ष तर्फ हेर्ने हो भने देशमा जनचेतनामा बृद्धि भएको छ । राज्यका हरेक तह र तप्कामा समावेशीको लहर चलेको छ । देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भै २३८ वर्षे राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भएको छ ।

# मेरो भन्नु

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग अन्तर्गत मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि शोधकार्य गर्नुपर्ने भएकोले "**नेपालको राजनीतिमा माओवादी सशस्त्र विद्रोह : एक अध्ययन"** नामक शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

नेपालमा २०५२ सालदेखि शुरु भएर ११ वर्षसम्म चलेको माओवादी सशस्त्र विद्रोह/द्वन्द्वले नेपाली राजनीतिमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभावहरु पारेको पाईन्छ । जुन नेपालको राजनीतिक इतिहासमा निकै महत्वपूर्ण मानिन्छ र मानवीय संवेदनशिलताका दृष्टिकोणले निकै भयावहको स्थिति समेत रहेको महशुस गर्न सकिन्छ । यस अवधिमा नेपालको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, विकाश निमार्ण, लगायतका हरेक क्षेत्रहरुमा पनि प्रभाव पारेको पाइन्छ । यस अवधिमा सरकार अर्थात् राज्य पक्ष र गैर राज्य पक्ष अर्थात् विद्रोही पक्ष (माओवादी) बाट आम नेपाली नागरिकहरुको मानव अधिकार हनन चरम रुपमा भए गरिएको पाइन्छ । उनिहरुबाट राष्ट्रिय एवं अन्तराष्ट्रिय कानूनको पालना समेत नगरी युद्धका नियम विपरित लडाई लड्दा नागरिकका अधिकारहरु अत्याधिक मात्रमा हनन हुन गएको पाईन्छ । नेपाल राज्यभित्र माओवादी सशस्त्र विद्रोह/द्वन्द्वको समयावधिमा हत्या गएिका, वेपत्ता पारिएका, अपाङ्गता बनाईएका र आन्तरिक रुपमा विस्थापित बनाईएका व्यक्तिहरुको विवरण संख्या क्षेत्रगत रुपमा भए पनि खोज्ने प्रयास गरिएको छ ।

२०६१।१९।१९ गते राजा ज्ञानेन्द्रले आफ्नै अध्यक्षतामा मन्त्रीपरिषदको गठन गरी शासनसत्ता चलाउने कार्य गरेसँगै जतातत‌ै सेनाको उपस्थित हुन थाल्यो र विकास निर्माण, शिक्षा स्वस्थ्यको बजेट समेत कटौति भई देश सैनिकीकरणमा परिणत भयो । राजनैतिक दलहरुलाई उपेक्षा गरियो र दलका नेताहरुलाई नजरबन्दमा राख्ने काम गरियो । मुलुकभर संकटकाल लागू भयो । नागरिकका मौलिक हकहरु माथि प्रतिबन्ध लगाइयो । कानूनको राज र संविधानबादको अन्त्य भयो । स्वतन्त्र न्यायपालिकाको अवधारणा माथि पनि चोट लाग्ने गरी काम कारवाही हुन थाल्यो । राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, कानून व्यवसायी समेतले नागरिक शासनको बहाली, कानूनी राजको स्थापना, प्रतिनिधि सभाको पुर्नस्थापना, स्वतन्त्र न्यायपालिकाको रक्षा, तथा स्वतन्त्रता जस्ता माग राखी मुलुकभर

शान्तिपूर्ण प्रर्दशनहरु गरे । हजारौं नेता तथा कार्यकर्ताहरु गिरफ्तार गरियो । सेना तथा प्रहरीले प्रर्दशनकारी माथि चलाएको गोली लागि कैयौं व्यक्ति शहिद भए । हजारौंको संख्यामा घाइते भए । कतिपय घाइतेको अझै पनि होस ठेगानमा आएको छैन । कतिपय सदाका लागि अपाङ्ग बने । राजाको यस प्रकारको शासन व्यवस्था २०६३।०१।११ गतेबाट समाप्त भै नागरिक शासनको बहाली भयो र त्यसपछि मात्र राजनैतिक दलले शासन व्यवस्थाको जिम्मा लिन पाए । जनताका अगाडि राजा र यिनका समर्थक तथा सल्लाहकारहरुको केही पनि लागेन । पुनः जनता सार्वभौमसत्ता सम्पन्न भएको प्रमाणित भई लोकतन्त्रको बहाली भयो ।

शाही शासनको अन्त्य र नागरिक सरकारको स्थापनाका लागि भएको जन आन्दोलनका क्रममा तत्कालिन सरकारले प्रर्दशनकारी माथि गरेको दमन तथा अन्याय र अत्याचार माओवादी सशस्त्र विद्रोह अन्त्यका लागि वा त्यसको व्यवस्थापनका लागि भए गरिएका प्रयासहरु तथा समझदारीहरुलाई जस्ताको तस्तै अनुसूचीमा राखिएको छ, । देशमा गणमतन्त्र ल्याउने काममा सघाउ पुऱ्याउन राजा ज्ञानेन्द्रका कदमहरुले पनि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो प्राध्यापन कार्य र कानून व्यवसाय समेत सञ्चालन गर्दै आउनु भएका शोध निर्देशक एवं हालका विभागीय प्रमुख तथा सह-प्राध्यापक श्री अग्नीधर पौडेलज्यू प्रति विशेष आभार व्यक्त गर्दछु । उहाँबाट प्राप्त महत्वपूर्ण सल्लाह, सुझाव एवं निर्देशनबाट यो शोधपत्र तयार पार्न सम्भव भएको छ । उहाँले आफ्नो अमूल्य समय उपलब्ध गराई उचित सल्लाह-सुझावहरु दिन कहिल्यै पनि झर्को मान्नु भएन ।

यस्तै प्रस्तुत शोधपत्रका लागि अनुमति दिने तत्कालिन विभागीय प्रमुख ध्रुव के.सी.तथा शोधपत्रका लागि आवस्यक विधि र विषयवस्तु सम्बन्धी ज्ञान दिंदै आवश्यक सुझावहरु उपलब्ध गराउनु हुने राजनीनिशास्त्र विभाग, अनुसन्धान समितिका सदस्यहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागका आदरणीय गुरु जसले मलाई यस क्याम्पसमा राजनीतिशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह प्रथम वर्षमा भर्ना हुन क्रममा सहयोग पुऱ्याउनु हुने उपप्राध्यापक श्री गिरधारी दाहालज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसरी नै शोधकार्यलाई अझ स्तरीय बनाउनका लागि आवस्यक समय उपलब्ध गराई शोधपत्रको खेश्रा हेरी त्यसमा थप सुधारका लागि सुझाव दिनु हुने पृथ्वीनारायण क्याम्पस, राजनीतिकशास्त्र विभाग, अनुसन्धान समिति, शोध संयोजक- डा. उमानाथ बरालज्यू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसैगरी प्रस्तुत शोध-पत्रको शुद्धाशुद्धि हेरी सहयोग गर्ने श्री नेपाल आदर्श उच्च मा. वि. शिवपुर, कपिलवस्तुका भु. पु. नेपाली विषयका शिक्षक श्री उमानाथ उपाध्यायज्यू प्रति ऋणी छु ।

साथै अन्त्यमा लामो अन्तराल पछि पनि स्नातकोत्तर तह पार गर्न जो अहोरात्र मेरो सेवामा खटिएर घरायसी झमेला एवं आर्थिक समस्यालाई सन्तुलनमा राखी उच्च शिक्षा लिन सहयोग पुऱ्याउन तल्लीन जीवनसंगिनी श्रीमती सीता पौडेल(अधिकारी) प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसै गरी  शोधपत्र लेखन तथा सामाग्री संकलनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) पश्चिमाञ्चल तथा मध्यमाञ्चल क्षेत्रीय कार्यालयका पुस्तकालय प्रमुख एवं राष्ट्रिय मानव अधिकार आयोग केन्द्रिय कार्यालय स्रोतकेन्द्रका प्रमुख र निर्वाचन आयोगक स्टोर प्रमुख एवं नेपाल सरकार, शान्ति तथा पुनर्निमाण मन्त्रालय, सिंहदरवारका स्टोर प्रमुख ज्यू प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मैले आफ्नै मेहनत र परिश्रमद्वारा आवश्यक सूचना एवं तथ्यांकहरु संकलन गरी अध्ययन, व्याख्या र विश्लेषण गरेकोले यो  शोधपत्र मेरो आफ्नै मौलिक शोधकार्य हो । अन्य कसै वा कतैको सम्वन्धित विषयवस्तुको विश्लेषणका लागि उदृत गर्नुदेखि बाहेक प्रतिलिपि गरेको छैन । तसर्थ यो शोधपत्रको Viva हुँदाका बखत आएका राय सुझावहरु समेत समावेश सहित परिमार्जन गरी पुनः आवश्यक मूल्यांकनार्थ त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग समक्ष पेश गर्दछु ।

मितिः २०६८ साल माघ १७ गते

बाबु राम अधिकारी
रोल नं. २९२७ /२०६४
त्रि.वि. रजिष्ट्रेसन नं.- ४४१-९२
राजनीतिशास्त्र विभाग,
पृथ्वीनारायण क्याम्पस, पोखरा

# विषय सूची

## प्रारम्भिक खण्ड


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति–पत्र | ii |
| अध्ययनसार | iii |
| मेरो भन्नु | v |
| विषय–सूची | viii |


## परिच्छेद - एक

## शोध अध्ययनको परिचय


| | | |
|---|---|---|
| १.१ | भूमिका | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनका उद्देश्यहरु | ५ |
| १.४ | अध्ययन विधि | ६ |
| १.५ | पूर्वसाहित्यको समिक्षा | ७ |
| १.६ | अध्ययनको महत्व | १० |
| १.७ | अध्ययनको सीमा | ११ |
| १.८ | अध्ययनको संगठन | ११ |


## परिच्छेद - दुई

## सशस्त्र विद्रोह/द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणा


| | | |
|---|---|---|
| २.१ | द्वन्द्व सम्बन्धी सैद्धान्तिक अवधारणा | १४ |
| २.१.१. | अर्थ एवं परिभाषा | १४ |
| २.१.२. | समाजवादी/साम्यावदी आन्दोलनको ऐतिहासिक विकास | १७ |
| २.२. | द्वन्द्वको अवधारणागत संरचना | २२ |
| २.३. | द्वन्द्वका कारणहरु | २२ |
| २.४. | द्वन्द्वका प्रकारहरु | २६ |
| २.५ | समाज र द्वन्द्वको सम्बन्ध | २७ |
| २.६ | द्वन्द्व समाधान र द्वन्द्व व्यवस्थापनमा भिन्नता | २८ |
| २.७ | द्वन्द्व रुपान्तरणको सिद्धान्त | २८ |

२.८. द्वन्द्वका परिणामहरु २९
२.९ मार्क्सवाद अर्थात् द्वन्द्वात्मक भौतिकवाद, साम्यवाद र माओवाद ३०

## परिच्छेद - तीन

### ३. नेपालको राजनैतिक इतिहासमा शसस्त्र विद्रोह/द्वन्द्व र राजनैतिक आन्दोलनहरु

३.१ द्वन्द्वको पृष्ठभूमी ३५
३.२.जंगबहादुर कुवर सत्तामा आउनका रहस्यमय घटनाहरु ३६
३.३.००७ साल अघिको लखन थापाको विद्रोह ३८
३.४.२००७, सालपछिका अवस्थाहरु एवं विद्रोहरु ३८
३.५.२००७, सालको क्रान्ति ३९
३.६.००८ सालको डा. के. आई. सिंहको विद्रोह ३९
३.७ भीमदत्त पन्तको विद्रोह ४०
३.८. २००७, सालको क्रान्ति र त्यसपछिका घटनाहरुमा नेपाली कांग्रेसको भूमीका ४०
३.९ २०२८ सालको ने.क.पा. को झापा विद्रोह ४३
३.१० ०४२, सालको बम काण्ड र ने.का.को आव्हानमा सत्याग्रह आन्दोलन ४६
३.११ ०४६, सालको राष्ट्रिय जनआन्दोलन ४७
३.१२. २०५२ सालपछिको ने.क.पा. (माओवादी)को शसस्त्र विद्रोह/द्वन्द्व ४८
३.१३ २०६२-०६३, सालको दोस्रो राष्ट्रिय जनआन्दोलन ५५

## परिच्छेद - चार

### ४. नेपालमा माओवादी शसस्त्र विद्रोह/द्वन्द्वको व्यवस्थापन र नेपाली राजनीतिमा त्यसको प्रभाव

४.१ नकारात्मक प्रभाव ६६
४.१.१ तथ्यहरुको प्रस्तुतिकरण र विश्लेषण ६६
४.१.२ बुँदागत रुपमा नकारात्मक प्रभावहरु ९१
४.२ सकारात्मक प्रभाव ९१
४.२.१ नेपाल अधिराज्यको संविधान, २०४७ का विशेषताहरु ९४
४.२.२ नेपालको अन्तरिम संविधान, २०६३ का विशेषताहरु ९६
४.२.३ बुँदागत रुपमा सकारात्मक प्रभावहरु १०१

## परिच्छेद - पाँच

### ५. निष्कर्ष तथा सुझावहरु

(क) निष्कर्षहरु १०३

| | | |
|---|---|---|
| (ख) सुझावहरु | | १०७ |
| **सन्दर्भसूची** | | १११ |
| **अनुसूचीहरुः–** | | ११३ |
| अनुसूची– १ | तत्कालीन संयुक्त जनमोर्चा नेपालका ४० सूत्रीय मागहरु | ११३ |
| अनुसूची– २ | ने.क.पा. (माओवादी) र ७ राजनीतिक दलहरु बीच भएको १२ बुँदे समझदारी पत्र | ११८ |
| अनुसूची– ३ | सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच भएको दोस्रो समझदारी पत्र | १२२ |
| अनुसूची– ४ | श्री ५ ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन | १२४ |
| अनुसूची– ५ | २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३ | १२५ |
| अनुसूची– ६ | नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच २०६३।०२।१२ मा गोकर्णमा भएको युद्धविराम आचार–संहिता | १२८ |
| अनुसूची– ७ | प्रेस वक्तव्य | १३१ |
| अनुसूची– ८ | संयुक्त राष्ट्रसंघ समक्ष नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र | १३३ |
| अनुसूची– ९ | संयुक्त राष्ट्रसंघ समक्ष ने.क.पा(माओवादी)द्वारा प्रेषित पाँच बुँदे पत्र | १३४ |
| अनुसूची– १० | नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता | १३५ |
| अनुसूची - ११ | संविधानसभा सचिवालयको सूचना | १५० |
| अनुसूची - १२ | संविधानसभा सदस्य निर्वाचन २०६४ को परिणाम | १५२ |